# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र


बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०९ संख्या:०५ मिति: २०८२/०७/२८


भाग १

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक एवम् कर्मचारीहरुको थप सुविधा कार्यविधि २०८२

# “बन्दीपुर अस्पतालमा कार्यरत
# चिकित्सक एवम् कर्मचारीहरुको थप सुविधा कार्यविधिः २०८२”

**कार्यपालिकाद्वारा स्वीकृत मितिः२०८२/०७/२६**

**<u>प्रस्तावना:</u>** वि.सं.: २०२२ सालमा अस्पतालको रुपमा स्थापित तात्कालिन जिल्ला अस्पताल, वि.सं.: २०७४ सालमा स्थानीय तह बन्दीपुर गाउँपालिका अन्तर्गत हस्तान्तरण भई संचालनमा रहेको बन्दीपुर अस्पतालमा उपलब्ध रहेका प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवाहरुलाई मिति २०८२ बैशाख ०१ गते देखि वर्षको ३६५ दिनै (हरेक दिनः शनिबार र सार्बजनिक विदाका दिनमा समेत) बिहान ७:०० बजेदेखि बेलुकी ८:०० बजे (जाडो मौसममा बेलुकी ७:०० बजे) सम्म निशुल्क सामान्य चिकित्सा सहितको बहिरंग (ओ.पि.डी.) सेवा विस्तारद्वारा विशेष गरी कर्मचारी वर्ग, विद्यार्थी वर्ग, ज्याला/मजदुर वर्ग, ब्यापार/व्यवसायी वर्ग तथा गृहिणी एवम् सुत्केरी लगायतका सेवाग्राहीहरुलाई निजहरुको समय अनुकूल सेवा उपलब्ध भएकाले यो कार्यक्रम अत्यन्त प्रभावकारी देखिएको हुँदा बन्दीपुर गाउँपालिकाको १७ औं गाउँसभाद्वारा यसै अनुरुपको नीति तथा कार्यक्रम पारित गरी यस कार्यक्रमको दिगोपन एवम् निरन्तरताका लागि बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुको समय र श्रमको उचित कदर गर्दै सेवाप्रदायकहरुको मनोबल उच्च गराई थप गुणस्तरीय सेवा विस्तारको सुनिश्चितताका लागि बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुलाई प्रोत्साहन तथा अतिरिक्त कार्यसमय बापतको भुक्तानी लगायतका सुबिधाहरु थप गर्न बान्छनीय रहेकाले,

स्थानीय सरकार संचालन ऐनः२०७४ को दफा १०२ को उपदफा (२) र “बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन ऐनः२०८२” को दफा १३ को उपदफा (१) को अधिकार प्रयोग गरेर बन्दीपुर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>**

१) यो कार्यविधिको नाम **“बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक एवम् स्वास्थ्यकर्मीहरुको थप सुबिधा कार्यविधिः २०८२”** रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. <u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) “अस्पताल” भन्नाले बन्दीपुर गाउँपालिका अन्तर्गतको बन्दीपुर अस्पताल वा बन्दीपुर अस्पताल अन्तर्गतको कार्यजिम्मेवारिमा पछी थप हुन आउने अन्य शाखाहरु समेतलाई सम्झनु पर्छ ।

(ख) “अस्पताल प्रमुख” भन्नाले बन्दीपुर अस्पतालको कार्यालय प्रमुख “वरिष्ठ/मेडिकल सुपरिटेन्डेन्ट” सम्झनु पर्छ ।

(ग) “चिकित्सक” भन्नाले नेपाल मेडिकल काउन्सिलमा दर्ता भई बन्दीपुर अस्पतालमा कार्यरत स्थायी वा दरबन्दी करार वा पालिका करार वा छात्रवृत्ति करार सेवामा आठौं तह वा सो भन्दा माथिल्लो तहमा कार्यरत चिकित्सकहरु सम्झनु पर्छ ।

(घ) “डेन्टल चिकित्सक” भन्नाले नेपाल मेडिकल काउन्सिलमा दर्ता भई बन्दीपुर अस्पतालमा कार्यरत स्थायी वा दरबन्दी करार वा पालिका करार वा छात्रवृत्ति करार सेवामा आठौं तह वा सो भन्दा माथिल्लो तहमा कार्यरत डेन्टल सर्जन/चिकित्सकहरु सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले "बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन ऐन, २०८२" को दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(च) "पालिका" भन्नाले बन्दीपुर गाउँपालिका सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले बन्दीपुर गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ज) "ऐन" भन्नाले "बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन ऐन, २०८२" सम्झनु पर्छ ।

(झ) "कार्यविधि" भन्नाले "बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक एवम् स्वास्थ्यकर्मीहरुको थप सुबिधा कार्यविधिः २०८२" सम्झनु पर्छ ।

(ञ) "प्रोत्साहन भत्ता" भन्नाले अस्पतालको योजना अनुरुपका सेवा प्रबाह सुनिश्चितताका लागि आवश्यक दक्ष जनशक्तिहरुको माग र आपूर्ति (Demand and Supply) को सिद्धान्त अनुरुप यस अस्पताललाई कार्यस्थल बनाई आउन अभिप्रेरित गर्न, काम प्रति उत्प्रेरित गर्न तथा उच्च मनोबल बनाई सेवा प्रबाह गर्ने प्रयोजनार्थ प्रोत्साहन स्वरूप दिईने रकम बुझिनेछ ।

(ट) "अतिरिक्त कार्यसमय भुक्तानी" भन्नाले कुनै एक महिना वा निर्धारित समयमा गर्नुपर्ने भन्दा धेरै कार्यदिन काम गरे बापत दिईने भुक्तानी बुझिनेछ ।

(ठ) "एक कार्यदिन" भन्नाले नियमित रुपमा कार्यालय खुल्ने समय बिहान १० बजेदेखि बेलुकी ५ बजे वा ४ बजे (जाडो मौसममा) सम्म वा बिहानी शिफ्ट डिउटी वा संध्या शिफ्ट डिउटी वा रात्रीकालिन शिफ्ट डिउटी बुझिनेछ ।

(ड) "शुरु तलब" भन्नाले सम्बन्धित चिकित्सक तथा कर्मचारी कार्यरत रहेको तह अनुसारको मासिक तलब भन्ने सम्झनुपर्छ । यसमा ग्रेडहरु समाबेश हुनेछैनन् ।

(ढ) "कर्मचारी" भन्नाले अस्पतालमा कार्यरत सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी, प्रशासन, लेखा, सरसफाईकर्मी, विविध समुहका कर्मचारीहरु लगायतका अस्पतालमा कार्यरत जुनसुकै कर्मचारीहरुलाई सम्झनुपर्छ ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि बमोजिम तोकिए बमोजिम सम्झनु पर्छ।

३. **चिकित्सकहरुलाई प्रोत्साहन भत्ताः** बन्दीपुर अस्पतालमा मिति २०८२/०१/०१ देखि वर्षको ३६५ दिनै (हरेक दिनः शनिबार र सार्बजनिक विदाका दिनमा समेत) बिहान ७:०० बजेदेखि बेलुकी ८:०० बजे (जाडो मौसममा बेलुकी ७:०० बजे) सम्म निशुल्क सामान्य चिकित्सा सहितको बहिरंग (ओ.पि.डी.) सेवा (Extended Health Service) उपलब्ध गरिराखिएको, स्वास्थ्य बीमितहरुलाई स्वास्थ्य बीमा अन्तर्गत नै र अन्य सेवाग्राहीलाई समेत दिवा समय सरह सेवा उपलब्ध भईरहेको हुँदा अस्पतालको आर्थिक पक्ष समेत क्रमशः सुधार हुँदै जाने भएकाले यस सेवा विस्तारको निरन्तरता एवम् दिगोपना तथा उपलब्ध स्वास्थ्य सेवाको क्रमिक रुपमा गुणस्तर अभिबृद्धि गर्न, चिकित्सक एवम् विषय विज्ञहरुको कार्य अवधि बढाउन (Turnover कम गर्न), अस्पतालमा निजहरुको उपलब्धता एवम् कार्यसम्पादन बढाउन अभिप्रेरित गर्नका लागि बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सकहरुलाई यस सेवा विस्तार कार्यक्रम प्रति प्रतिबद्धता सहितको कार्यसम्झौता गरेमा तपशिल बमोजिमको प्रोत्साहन भत्ता शःशर्त रुपमा उपलब्ध गरिनेछ ।

<u>तपशिलः</u>

१) **नवौं तह वा सो भन्दा माथिल्लो तहको पदमा कार्यरत चिकित्सकहरुः** बन्दीपुर अस्पतालमा कार्यरत नवौं तह वा सो भन्दा माथिल्लो तहको पदमा कार्यरत चिकित्सकहरुलाई मासिक रुपमा शत प्रतिशत (१००%) प्रोत्साहन भत्ता शःशर्त रुपमा उपलब्ध गरिनेछ । यद्यपि कुनै चिकित्सक आठौं तहमा

कार्यरत रहेको तर निज चिकित्सक नेपाल मेडिकल काउन्सिलमा “विशेषज्ञ चिकित्सक Speciality Registration” क्लिनिकलको रुपमा दर्ता भएको भएमा निजलाई पनि मासिक रुपमा शत प्रतिशत (१००%) प्रोत्साहन भत्ता शःशर्त रुपमा उपलब्ध गरिनेछ ।

२) **आठौं तह वा सो सरहको पदमा कार्यरत मेडिकल अधिकृत चिकित्सकहरुः** बन्दीपुर अस्पतालमा कार्यरत मेडिकल अधिकृत आठौं तहका चिकित्सकहरुलाई तपशिल बमोजिमको प्रोत्साहन भत्ता शःशर्त रुपमा उपलब्ध गरिनेछ ।

**तपशिलः**

क) यस अस्पतालमा काम गरेको शुरुको ६ महिनासम्म निजको शुरु तलबको ५०% रकम प्रोत्साहन भत्ता स्वरूप उपलब्ध गरिनेछ,

ख) ७ देखि १२ महिना सम्ममा निजको शुरु तलबको ६०% रकम प्रोत्साहन भत्ता स्वरूप उपलब्ध गरिनेछ,

ग) १२ महिना पश्चात निजको शुरु तलबको ७०% रकम प्रोत्साहन भत्ता स्वरूप उपलब्ध गरिनेछ,

३) **आठौं तह वा सो सरहको पदमा कार्यरत डेन्टल सर्जन/चिकित्सकहरुः** बन्दीपुर अस्पतालमा कार्यरत डेन्टल अधिकृत आठौं तहका चिकित्सकहरुलाई तपशिल बमोजिमको प्रोत्साहन भत्ता शःशर्त रुपमा उपलब्ध गरिनेछ ।

**तपशिलः**

क) यस अस्पतालमा काम गरेको शुरुको ६ महिनासम्म निजको शुरु तलबको २५% रकम प्रोत्साहन भत्ता स्वरूप उपलब्ध गरिनेछ,

ख) ७ देखि १२ महिना सम्ममा निजको शुरु तलबको ३०% रकम प्रोत्साहन भत्ता स्वरूप उपलब्ध गरिनेछ,

ग) १२ महिना पश्चात निजको शुरु तलबको ३५% रकम प्रोत्साहन भत्ता स्वरूप उपलब्ध गरिनेछ,

४) **प्रोत्साहन रकमका लागि हुनुपर्ने हाजिरी र कार्यसम्पादनः** (१) माथि उल्लेखित दफा ३ को उपदफा १, २ र ३ मा उल्लेख भएको प्रोत्साहन भत्ताका लागि अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि तपशिल बमोजिमको हाजिरी र कार्यक्षमताका आधारमा मात्र सो महिनाको प्रोत्साहन रकम उपलब्ध गरिनेछ ।

**क) हाजिरीः**

| **क्र.सं.** | **महिनामा भएको हाजिरी दिन** | **तोकिएको प्रोत्साहन रकमको उपलब्ध गरिने प्रतिशत** | **कै.** |
|---|---|---|---|
| | | **(अ)** | |
| १. | २४ दिन वा सो भन्दा बढी | तोकिएको प्रोत्साहन रकमको १००% | |
| २. | २० दिन देखि २३ दिनसम्म | तोकिएको प्रोत्साहन रकमको ७५% | |
| ३. | १६ दिन देखि १९ दिनसम्म | तोकिएको प्रोत्साहन रकमको ५०% | |
| ४. | १५ दिन वा सो भन्दा कम भएमा | प्रोत्साहन रकम उपलब्ध नहुने/नगरिने | |

(***स्पष्टीकरणः*** *कुनै पनि चिकित्सक वा कर्मचारीले एक महिनामा गर्नुपर्ने कार्यदिन बराबरको डिउटी पालो मिलाई शिफ्टमा वा लगातार गरेको भएता पनि निजको प्रोत्साहन रकम भने निजको यस*

*अस्पतालमा माथिको तालिका बमोजिमको हाजिरी/उपस्थिति अनुसार मात्र उपलब्ध गरिनेछ । यसबाट सकेसम्म चिकित्सकहरुको बसाई अस्पतालमा धेरै भन्दा धेरै दिन रहोस् भन्ने उद्देश्य राखिएको हो ।)*

**ख) कार्यसम्पादनः**

| **क्र.सं.** | **कार्यसम्पादन मुल्यांकनमा प्राप्त प्रतिशत** | **भुक्तानी गरिने प्रतिशत (आ)** | **कै.** |
|---|---|---|---|
| १. | ८०% देखि १००% सम्म | १००% | |
| २. | ६५% देखि ८०% भन्दा कम सम्म | ७५% | |
| ३. | ५०% देखि ६५% भन्दा कम सम्म | ५०% | |
| ४. | ५०% भन्दा कम | उपलब्ध नहुने/नगरिने | |

*(स्पष्टीकरणः सबै चिकित्सक/कर्मचारीहरुको कार्यसम्पादनमा अभिबृद्धि गर्ने उद्देश्य सहित यो व्यवस्था राखिएको हो।)*

(२) यसर्थ मासिक शुरु निर्धारण गरिएको प्रोत्साहन रकम (दफा ३ को उपदफा १, २ र ३) लाई शत प्रतिशत मानि यसै उपदफा ४) को क) र ख) मा उल्लेखित हाजिरी र कार्यसम्पादनमा प्राप्त प्रतिशतका आधारमा क्रमशः (अ) र (आ) ले गुणा गर्दा आउने प्रतिशत रकम खुद प्रोत्साहन रकम हुनेछ । *(स्पष्टीकरणः खुद प्रोत्साहन रकम दफा ३ को उपदफा १, २ र ३ मा उल्लेख भएको भन्दा बढी हुनेछैन ।)*

(३) प्रोत्सहान रकम उपलब्ध गर्ने प्रयोजनार्थ अस्पतालमा कार्यरत चिकित्सक/कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन अस्पताल समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**५) प्रोत्साहन रकम उपलब्ध गरिने चिकित्सकहरुको संख्याः**

क) बन्दीपुर अस्पतालमा हाल संचालित सेवाका लागि मेडिकल अधिकृतहरु बढीमा ५ जना सम्मलाई यो सुबिधा उपलब्ध गरिनेछ ।

ख) बन्दीपुर अस्पतालको सेवा विस्तार शाखा डुम्रेबाट ओ.पि.डी. सेवा मात्र विस्तार भएको अवस्थामा माथि बुँदा नं ५ (क) मा थप २ जना सम्मलाई यो सुबिधा उपलब्ध गरिनेछ ।

ग) बन्दीपुर अस्पतालको सेवा विस्तार शाखा डुम्रेबाट ओ.पि.डी. सेवा मात्र नभई २४ सै घण्टा सेवा विस्तार भएको अवस्थामा सेवा विस्तार शाखाका लागि माथि बुँदा नं ५ (क) मा थप ४ जनालाई यो सुबिधा उपलब्ध गर्न सकिनेछ ।

घ) डेन्टल चिकित्सकहरुको हकमा जम्मा २ जना सम्मलाई प्रोत्सहान रकम उपलब्ध गर्न सकिनेछ।

ङ) नवौं तह वा सो सरह तथा सो भन्दा माथि र विशेषज्ञ (क्लिनिकल) योग्यता रहेका आठौं तहका चिकित्सकहरुको हकमा विषय विज्ञताका आधारमा सेवा फरक हुने हुँदा संख्या सिमा राखिएको छैन।

च) माथि जुनसुकै कुरा उल्लेख गरेको भए पनि अस्पतालमा सेवा विस्तार गर्न परेमा वा सेवाग्राहीहरुको चाप बढेमा वा सेवाको गुणस्तरीयता अभिबृद्धि गर्न वा स्वास्थ्य आपतकालीन अवस्था परेमा वा अन्य कुनै कारण प्रोत्साहन रकमका लागि माथि निर्धारण गरिएको चिकित्सकहरुको संख्या बढाउन आवश्यक परेमा बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन समितिद्वारा निर्णय गरे बमोजिम हुनेछ।

**६) शःशर्त भनिएकाहरुको हकमा शर्तहरु अस्पताल समितिद्वारा निर्धारण गरिए बमोजिम हुनेछ।**

## ४. <u>मे.सु. तथा नि.मे.सु. भत्ताः</u>

१) बन्दीपुर अस्पतालको कार्यालय प्रमुखको रुपमा कार्यरत वरिष्ठ/मेडिकल सुपरिटेण्डेन्ट चिकित्सकलाई मासिक रुपमा निजको शुरु तलबको ५०% मे.सु. को जिम्मेवारी निर्बाह गरे बापत मे.सु. भत्ता उपल्ब्ध गरिनेछ । यद्यपि मे.सु. पद रिक्त रहेमा वा मे.सु. अध्ययन विदामा गएमा वा कम्तिमा एक महिना (महिनाको शुरु देखि मसान्तसम्म) भन्दा बढीको तालिम वा विदा वा अन्य जुनसुकै कारण अनुपस्थित रहेमा नि.मे.सु. लाई तपशिल बमोजिमको नि.मे.सु. भत्ता सुबिधा उपलब्ध गरिनेछ ।

**तपशिलः**

क) नि.मे.सु. लाई आर्थिक एवम् प्रशासनिक दुवै अधिकार दिईएको/रहेको भएमा निजलाई मासिक रुपमा निजको शुरु तलबको ३५% नि.मे.सु. भत्ता उपल्ब्ध गरिनेछ ।

ख) नि.मे.सु. लाई दैनिक प्रशासनिक कामकाजको मात्र अधिकार दिईएको/रहेको भएमा निजलाई मासिक रुपमा निजको शुरु तलबको २५% नि.मे.सु. भत्ता उपल्ब्ध गरिनेछ ।

२) एक महिनामा मे.सु. वा नि.मे.सु. भत्ता एक जनालाई मात्र उपलब्ध गरिनेछ ।

३) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै महिनामा जुनसुकै कारण मे.सु. वा नि.मे.सु. को कम्तिमा १५ दिन हाजिरी नभएमा निजलाई सो महिनाको मे.सु. वा नि.मे.सु. भत्ता रकम उपलब्ध गरिनेछैन । यो विषय शुरु महिनामा समेत लागु हुनेछ । *(स्पष्टीकरणः नि.मे.सु. ले यो सुबिधा प्राप्त गर्न मे.सु. कम्तिमा पनि कुनै एक महिनाको शुरु देखि अन्तिमसम्म अनुपस्थित रहेको हुनुपर्ने, नि.मे.सु. को जिम्मेवारी औपचारिक रुपमा पत्र सहित हुनुपर्ने र नि.मे.सु. को सो महिनामा कम्तिमा १५ दिन हाजिरी रहेको हुनुपर्नेछ ।)*

४) दोहोरो नमानिनेः मे.सु. वा नि.मे.सु. लाई माथि दफा ३. को उपदफा (१) वा (२) बमोजिम प्रोत्साहन रकम र यसै दफा ४. बमोजिम मे.सु. वा नि.मे.सु. भत्ता भुक्तानी गरिनेछ । यसरि उपलब्ध गरिएको प्रोत्साहन भत्ता र मे.सु./नि.मे.सु. भत्ता दोहोरो भुक्तानी भएको मानिने छैन ।

**५.** <u>**चिकित्सक तथा कर्मचारी अतिरिक्त कार्यसमय भुक्तानीः**</u> बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुले अतिरिक्त कार्यसमय कामकाज गर्नुपरेको अवस्थामा निजलाई अतिरिक्त कार्यसमय काम गरे बापत भुक्तानी दिईनेछ ।

१) अस्पतालमा कार्यरत चिकित्सक एवम् कर्मचारीले प्रत्येक महिनामा गर्नुपर्ने भन्दा बढी कार्यदिन डिउटी गरेको वा गर्नुपरेको अवस्थामा निजलाई सट्टा विदा वा अतिरिक्त कार्यसमय सेवा विदा उपलब्ध गर्न नसक्ने अवस्था रहेमा मासिक वा त्रैमासिक वा चौमासिक रुपमा हिसाब गरी निजलाई निजको शुरु तलबको आधारमा अतिरिक्त कार्यसमय भुक्तानी गरिनेछ ।

२) अतिरिक्त कार्य समय भुक्तानीको विषय कर्मचारीको कार्यसम्पादन मुल्यांकनमा प्राप्त प्रतिशतका आधारमा भुक्तानी गरिनेछ ।

| क्र.सं. | कार्यसम्पादन मुल्यांकनमा प्राप्त प्रतिशत | अतिरिक्त कार्यसमयको गरिने भुक्तानी प्रतिशत | कै. |
|---|---|---|---|
| १. | ८०% देखि १००% सम्म | १००% | |
| २. | ६५% देखि ८०% भन्दा कम सम्म | ७५% | |
| ३. | ५०% देखि ६५% भन्दा कम सम्म | ५०% | |
| ४. | ५०% भन्दा कम | उपलब्ध नहुने/नगरिने | |

*(स्पष्टीकरणः सबै चिकित्सक/कर्मचारीहरुको कार्यसम्पादनमा अभिबृद्धि गर्ने उद्देश्य सहित यो व्यवस्था राखिएको हो।)*

३) अतिरिक्त कार्यसमय बापत गरिने भुक्तानी प्रयोजनका लागि अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन अस्पताल समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४) जनशक्ति अभाबका कारण नियमित रुपमा अतिरिक्त कामकाजमा खटाउनुपर्ने अवस्थामा सम्बन्धित चिकित्सक वा कर्मचारीसंग निजको अतिरिक्त कार्यसमय बापतको भुक्तानी भन्दा बढी नहुने गरि एकमुष्ठ रुपमा सम्झौता गरी कामकाजमा लगाउन यस दफामा उल्लेखित व्यवस्थाले बाधा पर्ने छैन ।

५) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रत्येक महिना वा त्रैमासिक वा चौमासिक रुपमा भुक्तानीका लागि हिसाब गर्दा निजले सो समयावधिमा गर्नुपर्ने जम्मा डिउटी कार्यदिन जुनसुकै कारणले अपुग भएको अवस्थामा निजलाई सो समयको अतिरिक्त कार्यसमय बापतको भुक्तानी गरिनेछैन । *(स्पष्टिकरणः कर्मचारीहरु विदामा गएको समय वा तालिम गोष्ठीमा गएको समयलाई अतिरिक्त कार्यसमय भुक्तानीका लागि गणना गरिनेछैन । अस्पतालमा गर्नुपर्ने नियमित डिउटी नै सो उल्लेखित महिनामा सार्वजनिक विदा भन्दा बाहेक वा कार्यालय खुल्नुपर्ने दिन भन्दा धेरै कार्यदिन/डिउटी भएमा मात्र अतिरिक्त कार्यसमय भुक्तानी गरिनेछ । कर्मचारीहरुबाट अत्यावश्यक भन्दा बाहेकको अवस्थामा विदाका लागि अनुरोध कम होस् भन्ने उद्देश्य सहित यो व्यवस्था राखिएको हो ।)*

६) अतिरिक्त कार्यसमय भुक्तानीका लागि अन-डिउटी रहेको हुनुपर्नेछ । अनकल डिउटीलाई अतिरिक्त कार्यसमय भुक्तानीका लागि गरिएको व्यवस्था अनुरुप भुक्तानी गरिनेछैन ।

७) अतिरिक्त कार्यसमय प्रयोजनार्थ रात्रीकालिन डिउटीलाई एक कार्यदिन/डिउटी मात्र मानिनेछ । रात्रीकालिन शिफ्ट डिउटीको समय (बेलुकी ८:०० बजे (जाडोमा बेलुकी ७:०० बजे) देखि अर्को दिनको बिहानको ७:०० बजेसम्म) अन्य शिफ्ट डिउटीको भन्दा बढी भएता पनि बिहानी, संध्या वा रात्रीकालिन शिफ्ट सबै एक-एक कार्यदिन मानिनेछ । शिफ्ट डिउटीहरुको समय अस्पतालका विभागहरु अनुसार केहि फरक पर्न सक्नेछ, डिउटी समय रोष्टरमा उल्लेख गरिनेछ ।

८) कुनै कर्मचारीलाई अतिरिक्त कार्यसमय खटाउँदा समयावधि घण्टामा आएमा सो समयलाई जोडी ७ घण्टा बराबर एक कार्यदिन हुने गरी भुक्तानी गरिनेछ ।

९) यो सुबिधा उपलब्ध हुनका लागि अन्तिम/परिमार्जित/रिभाईज्ड डिउटी रोष्टर, सोहि बमोजिमको हाजिरी प्रतिलिपि, सम्बन्धित कर्मचारीले आफुले तोकिए बमोजिम कामकाज गरेको दाबि तथा भुक्तानीका लागि दिएको निबेदनका साथै निजको कार्यसम्पादन मुल्यांकन फारमहरु अनिवार्य संलग्न हुनुपर्नेछ । कार्यसम्पादन मुल्यांकन मासिक रुपमा गरिने र भुक्तानी हुने समयावधिको औषत निकाली माथि दफा ५. को उपदफा (२) बमोजिमको तालिका अनरुप हुने गरी भुक्तानी गरिनेछ।

१०) अस्पतालद्वारा ई-हाजिरीको व्यवस्था तथा लगबुक भर्ने व्यवस्था कार्यान्वन गर्न सकिनेछ ।

६. <u>कर्मचारी नाइट खाजा खर्चः</u> नाईट डिउटीमा अन-डिउटी वा अनकल रहनुपर्ने चिकित्सक तथा कर्मचारीहरुलाई प्रति नाईट डिउटी रु.१५०/- नाईट खाजा खर्च बापत रकम उपलब्ध गरिनेछ ।

**स्पष्टीकरणः**

- नाईट डिउटीको लागि अनकल डिउटीमा खटाईने कर्मचारी पनि अस्पताल परिसर कै डिउटी कक्षमा रहनुपर्ने हुँदा नाईट खाजा सुबिधा भने अनकल डिउटी रहने सबै बिभागका कर्मचारीहरुलाई समेत उपलब्ध गरिनेछ ।
- नाईट खाजा खर्चद्वारा नाईटमा कार्यरत कर्मचारीहरुले खाजा/खाना खाने प्रयोजनार्थ भुक्तानी दिईने हुँदा खाना/खाजा पद तथा तह बमोजिम फरक गर्न बान्छनीय नभएकाले कार्यरत सम्पूर्ण चिकित्सक एवम् कर्मचारीहरुलाई प्रति नाइट रु.१५०/- नाईट खाजा खर्च स्वरूप उपलब्ध गरिनेछ ।
- कार्यालय सहयोगी तथा सरसफाईकर्मीहरुको हकमा समेत निजहरुलाई रु.१५०/- उपलब्ध गरिनेछ, यस सम्बन्धमा अन्यत्र रकम फरक परेको भएमा बाँकी रकम अस्पताल समितिद्वारा थप गरी भुक्तानी गरिने हुँदा सुबिधा दोहोरो परेको बुझिनेछैन/मानिनेछैन ।

७. <u>**महिला कर्मचारीहरुलाई सुरक्षित एवम् मर्यादित महिनावारी प्रवर्द्धन खर्चः**</u>

- प्रत्येक महिनावारी हुने समुहका महिला चिकित्सक एवम् कर्मचारीहरुलाई सुरक्षित एवम् मर्यादित महिनावारी प्रवर्धनका लागि आवश्यक सेनिटरी प्याड प्रयोग तथा सरसफाई सम्बन्धि सामाग्रीका लागि मासिक रुपमा रु.२००/- उपलब्ध गरिनेछ । शुरु नियुक्ति महिनामा र विदाई हुने महिनामा १५ दिन भन्दा बढी हाजिरी भएको भए सो महिनालाई पनि यो सुबिधा उपलब्ध गरिनेछ ।

८. <u>**आम्दानिका आधारमा गरिने भुक्तानीः**</u> बन्दीपुर अस्पतालमा देहाय बमोजिमका सेवाप्रदायकहरुलाई आम्दानीका आधारमा तपशिल बमोजिमको सुबिधा उपलब्ध गरिनेछ ।

<u>**तपशिलः**</u>

१) **अल्ट्रासाउण्ड (भिडियो एक्सरे) सेवाः** अल्ट्रासाउण्ड सेवालाई नियमित रुपमा संचालन गर्नका लागि आम्दानिमा आधारित अल्ट्रासाउण्ड सेवा शुल्कको कुल आम्दानि (बीमित तथा नन-बीमित सबै) को यसै अस्पातालमा कार्यरत क) चिकित्सकलाई २०%, ख) तालिम प्राप्त चिकित्सक वा एम्.डी.जी.पी. वा गाईनेकोलोजिष्टलाई ३०% र ग) रेडियोलोजिष्टलाई ४०% रकम भुक्तानी गरिनेछ । (टि.भी.यस. सेवालाई समेत यसै दफा बमोजिम गरिनेछ ।)

२) **ईको सेवाः** ईको सेवालाई नियमित रुपमा संचालन गर्नका लागि आम्दानिमा आधारित ईको सेवा शुल्कको कुल आम्दानि (बीमित तथा नन-बीमित सबै) को यसै अस्पातालमा कार्यरत क) चिकित्सकलाई २०%, ख) तालिम प्राप्त चिकित्सक वा एम्.डी.जी.पी.लाई ३०% र ग) रेडियोलोजिष्ट वा जनरल फिजिसियन (ईन्टर्नल मेडिसिन) लाई ४०% रकम भुक्तानी गरिनेछ।

३) **डेन्टल प्रोसिडीयरः** डेन्टल प्रोसिडीयर सेवालाई नियमित रुपमा प्रबाह गर्नका लागि आम्दानिमा आधारित डेन्टल प्रोसिडीयरको सेवा शुल्कको कुल आम्दानि (बीमित तथा नन-बीमित सबै) को यसै अस्पातालमा कार्यरत डेन्टल चिकित्सकलाई २५% र डेन्टल सहायकलाई १०% रकम भुक्तानी गरिनेछ । यदि एकै प्रोसिडीयर्समा डेन्टल चिकित्सक र डेन्टल सहायक दुवै संलग्न रहेको अवस्थामा कुल २५% मा १५% डेन्टल चिकित्सकलाई र १०% डेन्टल सहायकलाई उपलब्ध गरिनेछ ।

४) **आँखा उपचारमा हुने प्रोसिडीयरको** सेवालाई नियमित रुपमा प्रबाह गर्नका लागि आम्दानिमा आधारित प्रोसिडीयर्सको सेवा शुल्कको कुल आम्दानि (बीमित तथा नन-बीमित सबै) को यसै अस्पातालमा कार्यरत

क) अप्टोमेट्रीक्स (स्नातक) लाई २५% र ख) नेत्र सहायकलाई १०% रकम भुक्तानी गरिनेछ । यदि एकै प्रोसिडीयर्समा अप्टोमेट्रीक्स (स्नातक) र नेत्र सहायक दुवै संलग्न रहेको अवस्थामा कुल २५% मा १५% अप्टोमेट्रीक्स (स्नातक) लाई र १०% नेत्र सहायकलाई उपलब्ध गरिनेछ ।

५) **चश्माको शिशा तयार सम्बन्धिः** चश्माको फ्रेममा पावरवाला शिशा फिटिंग सेवालाई नियमित रुपमा प्रबाह गर्नका लागि आम्दानिमा आधारित (बीमित तथा नन-बीमित सबै) को प्रति शिशा तयार र फ्रेममा फिटिंग बापत नेत्र सहायक वा ग्राईन्डरलाई रु.५०/- उपलब्ध गरिनेछ । यद्यपि रेडिमेड शिशा सहितका फ्रेमहरु (जस्तैः रिडिंग ग्लास लगायत) बापत भने यो रकम उपलब्ध गरिनेछैन ।

६) **अपरेशन सेवाः** यसै अस्पतालका चिकित्सक सहितको टिमद्वारा अपरेशन सेवा उपलब्ध गरेको अवस्थामा सो अपरेशन सेवा शुल्कको कुल आम्दानि (बीमित तथा नन-बीमित सबै) को ४०% (चालिस प्रतिशत) रकम सेवाप्रदायक टिमलाई भुक्तानी गरिनेछ । यसरी भुक्तानी गरिने ४०% रकममा २०% सम्बन्धित सर्जन चिकित्सक/हरुलाई, ८% एनेस्थेसिया/हरुलाई, ८% अपरेशन सहयोगी सिस्टर/हरुलाई र ४% सहयोगी का.स./सरसफाईकर्मी टिमलाई प्रदान गरिनेछ ।

७) **डायलाईसिस सेवाः** यस सम्बन्धमा अस्पताल समितिद्वारा पछी निर्णय गरे बमोजिम हुनेछ ।

८) माथि उल्लेखित आम्दानिका आधारमा गरिने भुक्तानीमा यदि कुनै सेवाग्राहीहरुलाई पूर्ण रुपमा निशुल्क गरिएको भएमा सो निशुल्क गरिएका सेवाग्राहीहरुलाई सेवा उपलब्ध गरे बापत सेवाप्रदायकलाई माथि यसै दफामा तोकिए बमोजिम सुबिधा रकम भुक्तानी गरिनेछैन ।

९. **अन कल (On Call) डयुटी बापतको भुक्तानीः** रात्रीकालिन सेवा वा बिहान बेलुकीको समयमा अनकल डिउटी राखी संचालन गर्न सकिने विभागहरुमा कार्यसमयको भुक्तानी मोड्यालीटि अबलम्बन नगरी तपशिल बमोजिमका आम्दानिमा आधारित सुबिधा योजना लागु गर्न सकिनेछ ।

**तपशिलः**

१) **एक्सरे सेवा**को सेवा प्रदायकलाई अन-कल समयावधिको आम्दानिमा आधारित प्रति केस (बीमा र नन-बीमा सबै) को एक्सरे सेवा शुल्कको **२०% (बिस प्रतिशत)** रकम प्रोत्साहन भत्ता स्वरूप उपलब्ध गरिनेछ ।

२) **ल्याब सेवा**को सेवा प्रदायकलाई अन-कल समयावधिको आम्दानिमा आधारित प्रति केस (बीमा र नन-बीमा सबै) को ल्याब सेवा शुल्कको **२०% (बिस प्रतिशत)** रकम प्रोत्साहन भत्ता स्वरूप उपलब्ध गरिनेछ ।

३) माथि दफा ९. को उपदफा १) र २) बमोजिम अनकल डिउटी समय सम्बन्धित सेवाप्रदायकको संख्या एवम् उपलब्धताका आधारमा अस्पतालद्वारा तोके बमोजिम हुनेछ । यस दफा बमोजिमको भुक्तानी प्रमाणित डिउटी रोष्टर र तोकिएको समयमा बिलिंग भएको एकिन कागजात अनुरुप गरिनेछ ।

४) **प्रथम/फर्ष्ट अनकलः** मेडिकल अधिकृत एक जना वा एक जना चिकित्सक र स्त्री तथा प्रसुती रोग विशेषज्ञ एक जनालाई प्रति दिन रात्रीकालिन डिउटी समयका लागि प्रथम/फर्ष्ट अनकल वापत निजको एक दिनको शुरु तलबको पारिश्रमिक प्रथम अनकल बापत उपलब्ध गरिनेछ । यद्यपि निजको कार्यसमयलाई अनडिउटी मानि भुक्तानी उपलब्ध गरिएको अवस्थामा निजलाई सोहि समयको अनकल बापतको सुबिधा उपलब्ध गरिनेछैन ।

५) **दोश्रो/सेकेन्ड अनकलः** मेडिकल अधिकृत(आठौं) भन्दा एक तह माथि वा अस्पतालद्वारा अनकल राखिने प्रति विभागका एक जना विशेषज्ञ चिकित्सकलाई प्रति दिन रात्रीकालिन डिउटी समयका लागि दोश्रो/सेकेन्ड अनकल बापत निजको एक दिनको शुरु तलबको आधा पारिश्रमिक दोश्रो/सेकेन्ड अनकल बापत उपलब्ध गरिनेछ ।

१०. **यातायातको सुबिधाः** बन्दीपुर अस्पतालको सेवा विस्तार शाखाहरुमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुका लागि अस्पतालद्वारा लैजान/ल्याउनका लागि यातायातको सुबिधा उपलब्ध गरिनेछ । यद्यपि यातायातको सुबिधा व्यवस्था गर्न नसकेको अवस्थामा अस्पतालद्वारा प्रति व्यक्ति प्रति कार्यालय खुलेको दिन (सेवा विस्तार शाखामा हाजिर भएको दिन) को यातायात खर्च बापत दुईतर्फी रु.१५०/- उपलब्ध गरिनेछ ।

११. **बन्दीपुर अस्पतालमा विशेषज्ञ वा अतिरिक्त सेवाको व्यवस्थापनः** बन्दीपुर अस्पतालमा कार्यरत बाहेक अन्य स्वास्थ्य संस्थामा कार्यरत विविध विषयका विशेषज्ञ चिकित्सकहरुलाई बन्दीपुर अस्पतालमा वा अन्तर्गत वा मार्फत तोकिएका स्थानहरुमा आवश्यकता बमोजिम साप्ताहिक वा मासिक वा समयसमयमा स्वास्थ्य सेवा प्रबाह गर्नका लागि तपशिल बमोजिम व्यवस्था गरिनेछ ।

१) बन्दीपुर अस्पतालमा सेवा उपलब्ध गराउन चाहनुहुने विशेषज्ञ चिकित्सकहरुको सार्बजनिक सूचना मार्फत निवेदन माग गरि ईच्छुक विशेषज्ञ चिकित्सकहरुको नामावली/रोष्टर तयार (सूचिकृत) गरिनेछ, यसलाई समय समयमा अध्यावधि गरिनेछ । यस अस्पतालद्वारा कुनै अस्पतालसंग यसै प्रयोजन सहितको सम्झौता गरिएको भएमा सो अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकहरु बेग्लै सूचिकृत भईरहनुपर्ने छैन ।

२) सोहि रोष्टरमा रहनुभएका चिकित्सकहरुसंग निजहरुले उपलब्ध गराउने सेवा, सेवा समय, सेवाको प्रकृति तथा निजहरुद्वारा प्रस्तावित सुविधा रकममा सबै भन्दा उपयुक्त मनासिव प्रस्ताव पेश गर्ने चिकित्सकसंग तपशिल अनुरुप सम्झौता गरी सेवा प्रदान गरिनेछ ।

**तपशिलः**

क) सम्बन्धित विशेषज्ञ चिकित्सकहरुलाई सेवा उपलब्ध गर्ने दिनको नियमानुसारको भ्रमण भत्ता उपलब्ध गरिनेछ । भ्रमण आदेश नभएको/नल्याएको/नभएको खण्डमा सम्बन्धित विशेषज्ञ चिकित्सकलाई सो एक दिनको एकमुष्ठ रु.५,६००/- भत्ता स्वरूप उपलब्ध गरिनेछ । निज विशेषज्ञ चिकित्सकलाई यो रकम उपलब्ध गरे पश्चात यातायात तथा ईन्धन एवम् आवासको सुविधा उपलब्ध गरिनेछैन । यद्यपि सेवा समयानुसार खाना-खाजाको व्यवस्था भने गरिनेछ ।

ख) सम्बन्धित सेवाका सेवाग्राहीहरुको संख्याका आधारमा माथि दफा ११ को उपदफा (२) को बुँदा नं (क) मा उल्लेखित सुविधामा तपशिल बमोजिमको थप रकम भुक्तानी गरिनेछ ।

**तपशिलः**

| क्र.सं. | सेवाग्राहीको संख्या | थप सुबिधा रकम | कै. |
|---|---|---|---|
| १. | १ देखि २० जना सम्म | रु.२,०००/- | |
| २. | २१ देखि ४० जना सम्म | रु.४,०००/- | |
| ३. | ४१ देखि ६० जना सम्म | रु.६,०००/- | |
| ४. | ६१ भन्दा बढी | रु.७,०००/- | |

ग) सम्बन्धित सेवाबाट प्रत्यक्ष रुपमा आम्दानि हुने किसिमका सेवाहरुको हकमा निजहरुलाई सोहि प्रत्यक्ष आम्दानिको जम्मा (बीमा तथा नन-बीमा सबै) शुल्कको अधिकतम ६०% (साठ्ठी प्रतिशत) सम्म थप रकम भुक्तानी गर्न सकिनेछ ।

घ) माथि बुँदा नं ख) र ग) मा एकै विशेषज्ञ चिकित्सकद्वारा प्रत्यक्ष र अप्रत्यक्ष आम्दानि हुने किसिमका सेवाग्राहीहरु भएमा दुवै किसिमका तोकिए बमोजिमका सेवाग्राहीहरु अनुसार रकम भुक्तानी गरिनेछ।

<u>**स्पष्टीकरणः**</u>

- **प्रत्यक्ष आम्दानिः** सम्बन्धित विशेषज्ञ चिकित्सकद्वारा आफैं गरिने अल्ट्रासाउण्ड वा विशेष प्रकृतिका प्रोसिडीयर्सहरु वा विशेषज्ञ चिकित्सकद्वारा आफैं गरिने तथा सो सेवाको मात्रै शुल्क लाग्ने किसिमको सेवा बापतको शुल्कलाई प्रत्यक्ष रुपमा भएको आम्दानि मानिनेछ ।
- **अप्रत्यक्ष आम्दानिः** माथि जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित विशेषज्ञ चिकित्सकद्वारा परिक्षणका लागि पठाईएको ल्याब एक्सरे अल्ट्रासाउण्ड लगायतका परिक्षणहरु तथा प्रिस्क्राईब गरिएका औषधिहरुका आम्दानीलाई प्रत्यक्ष रुपमा भएको आम्दानि मानिनेछैन ।

ङ) **अपरेशन सेवाहरुको हकमा** अपरेशन शुल्कको ६०% सेवाप्रदायकलाई सुविधा प्रदान गरिनेछ । यसरि सेवाप्रदायकलाई भुक्तानी गरिने ६०% रकममा ४०% सम्बन्धित चिकित्सकलाई, ८% एनेस्थेसियालाई, ८% अपरेशन सहयोगी सिस्टरहरुलाई र ४% सहयोगी टिमलाई प्रदान गरिनेछ । यद्यपि एनेस्थेसियाको विशेषज्ञ चिकित्सक वा कुनै कारण एनेस्थेसियालाई पनि बाह्य संस्थाबाट सहयोग आवश्यक परी खटाईएको भएमा सेवाप्रदायकलाई भुक्तानी गरिने ६०% रकममा ३०% सम्बन्धित चिकित्सकलाई, १८% एनेस्थेसिया टिमलाई (१०% बाहिरि र ८% आन्तरिक, एक जना मात्रै बाहिरी भएमा १८% निजलाई नै), ८% अपरेशन सहयोगी सिस्टरहरुलाई र ४% सहयोगी टिमलाई प्रदान गरिनेछ ।

३) कुनै विशेषज्ञ चिकित्सकद्वारा प्रचलित नियमानुसारको सेवा शुल्क प्रस्ताब गरी सेवाग्राहीहरुसंग त्यति नै रकम सेवा शुल्क बापत लिई निजलाई भुक्तानी गर्ने गरी प्रस्ताब गरेमा सोहि बमोजिम सम्झौता गरी सेवा प्रबाह गर्न सकिनेछ । यस्तो सम्झौता भएमा माथि दफा ११. को उपदफा २) मा उल्लेख भएको सुबिधा उपलब्ध गरिनेछैन । अन्य सुबिधा तथा व्यवस्था अस्पताल समितिद्वारा निर्णय गरी सम्झौता गरे बमोजिम हुनेछ ।

४) यस अस्पतालमा नभएका विशेषज्ञ चिकित्सकहरुसंग यस अस्पतालमा आउने सेवाग्राहीहरुको उपचारका लागि मद्दत गर्न, थप परामर्श लिन तथा कतिपय विषयहरु थप एकिन गरि प्रभाबकारी उपचारको प्रवर्धन गर्नका लागि टेलिमेडिसिन (ईन्टरनेट बेस्ड) को अवधारणा अनुरुप तपशिल बमोजिमको प्रयोजनका लागि सम्झौता गरी सेवा प्रबाह गर्न सकिनेछ ।

<u>**तपशिलः**</u>

क) बन्दीपुर अस्पतालमा डिउटीमा रहेका चिकित्सकलाई फोन सम्पर्क (ONCALL) मार्फत थप मद्दत गर्ने उद्देश्य सहित मासिक भुक्तानी रकम एकिन गरी सम्झौता गरी सेवा प्रवाह गर्न सकिनेछ ।

ख) कतिपय सेवा सम्बन्धित विशेषज्ञ चिकित्सक स्वयंले नै टेलिमेडिसिन (ईन्टरनेट बेस्ड) मार्फत सेवाग्राहीहरुलाई परिक्षण गर्ने भएमा सोहि उद्देश्य सहित मासिक भुक्तानी रकम वा सेवाग्राहीको संख्या अनुसार भुक्तानी हुने गरी सम्झौता गरेर सेवा प्रवाह गर्न सकिनेछ ।

ग) यस सम्बन्धि अन्य विषय अस्पताल समितिद्वारा निर्णय गरे बमोजिम हुनेछ ।

५) कुनै विशेषज्ञ चिकित्सकलाई अस्पतालद्वारा नै अनुरोध पत्र पठाई सम्झौता गरी कामकाजमा लगाउन यसमा रहेका व्यवस्थाहरुद्वारा बाधा पर्ने छैन ।

**१२. <u>अन्य व्यवस्थाः</u>** (१) एनेस्थेसिया एसिस्टेन्ट/सुपरभाईजरलाई अस्पतालद्वारा मासिक रुपमा शःशर्त हाजार्ड तथा प्रोत्साहन स्वरूप निजको शुरु तलबको २५% (पच्चीस प्रतिशत) रकम एकमुष्ठ भत्ता स्वरूप उपलब्ध गरिनेछ । निजलाई हाजार्ड तथा प्रोत्साहन सुविधा रकम भने अपरेशन सेवा भएको महिनामा मात्र उपलब्ध गरिनेछ । यद्यपि निजद्वारा अन्य तोकिएको विभागमा नियमित डिउटी गरेको अवस्थामा अतिरिक्त कार्यसमय परेमा वा गर्नुपरेमा अन्य सरह थप अतिरिक्त कार्यसमय भुक्तानी भने उपलब्ध गरिनेछ ।

(२) यस अस्पतालमा अन्य कार्यालयहरुबाट थप जिम्मेवारी स्वरूप कार्यभार थप भई खटिईनुहुने कर्मचारीहरुका सम्बन्धमा अस्पताल समितिद्वारा निर्णय गरे बमोजिम हुनेछ ।

(३) माथि उल्लेखित विषय भन्दा बाहेक विभागीय प्रमुखहरु वा विशेष कार्य-जिम्मेवारी दिईएका वा अन्य कर्मचारीहरुको सेवा सुविधाहरुका सम्बन्धमा कार्यजिम्मेवारी, कार्यक्षमता एवम् कार्यदक्षता, आवश्यकता र औचित्यको आधारमा अस्पताल समितिद्वारा निर्णय गरे बमोजिम हुनेछ ।

(४) हेल्थ हाजार्ड (स्वास्थ्य जोखिम), अकुपेशनल हाजार्ड (पेशागत जोखिम), सामाजिक सुरक्षा कोष, आबास, ईन्धन, संचार, खाजा सुविधा लगायतका सम्बन्धमा अस्पताल समितिद्वारा निर्णय गरे बमोजिम हुनेछ ।

(५) अस्पतालमा कुनै नयाँ सेवा वा विशेष विषयहरुका सम्बन्धमा अस्पताल संचालन तथा व्यवस्थापन समितिद्वारा निर्णय गरे बमोजिम हुनेछ ।

(६) यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै कार्यविधि बमोजिम हुनेछन् भने यसमा उल्लेख नभएका अन्य विषयहरु साबिकका निर्णयहरु वा प्रचलित अभ्यास वा अस्पताल समितिद्वारा निर्णय गरे अनुरुप हुनेछ ।

**१३. <u>दोहोरो भुक्तानी भएको नमानिनेः</u>** (१) कुनै कर्मचारी वा चिकित्सक वा मे.सु./नि.मे.सु. लाई निजको जिम्मेवारी तथा कार्यसम्पादन बमोजिम माथि उल्लेखित दफा ३ देखि १२ सम्मका प्रावधान अनुसार भुक्तानी गर्न सकिनेछ, यसरी गरिएको भुक्तानी दोहोरो परेको मानिनेछैन ।

(२) कुनै संघ/संस्था/सहयोगी दाताहरुद्वारा अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुलाई कुनै किसिमको आर्थिक सुबिधा उपलब्ध गरेमा यस कार्यविधि बमोजिम उपलब्ध गरेका सुबिधाहरुसंग दोहोरो परेको मानिनेछैन।

**१४. <u>व्याख्या गर्ने अधिकारः</u>** यस कार्यविधिमा उल्लेखित विषयहरु तथा व्यवस्था उपर आवश्यक परेमा थप स्पष्ट पार्ने वा व्याख्या गर्ने अधिकार अस्पताल संचालन तथा व्यवस्थापन समितिलाई दिईएको छ ।

**१५. <u>संशोधनः</u>** (१) यस कार्यविधिलाई आवश्यकता अनुसार संसोधन गर्नुपर्ने भएमा बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाद्वारा गर्नुपर्नेछ ।

**१६. <u>खारेजी र बचाउः</u>** (१) यस कार्यविधि लागु भएको मिति देखि “बन्दीपुर गाउँपालिकामा कार्यरत चिकित्सक प्रोत्साहन भत्ता कार्यविधिः२०८०” खारेज गरिएको छ ।

(२) यो कार्यविधि प्रारम्भ नहुँदाका मितिसम्म “बन्दीपुर गाउँपालिकामा कार्यरत चिकित्सक प्रोत्साहन भत्ता कार्यविधिः२०८०” बमोजिम भए गरेका भुक्तानी तथा निर्णयहरु यसै कार्यविधिद्वारा भएको मानिनेछ।

(३) २०८२ श्रावण ०१ देखि प्रथम चौमासिक (२०८२ कार्तिक मसान्तसम्म) को यसै कार्यविधिको दफा ५. मा भएको व्यवस्था अनुरुप कर्मचारीहरु (चिकित्सक बाहेक) लाई अतिरिक्त कार्यसमय बापत र दफा ६. मा रहेको नाईट खाजा सुविधा भुक्तानी दिन बाँकी रहेकाले यो कार्यविधि जारी भए पश्चात यसै कार्यविधि अनुरुप भुक्तानी गर्न बाधा पर्ने छैन ।

(४) यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरु कुनै कारणवश कार्यान्वयन हुन नसकेकै कारण कुनै पनि चिकिसत्क तथा कर्मचारी आफ्नो कर्तव्य अनुरुपको कामकाजबाट विमुख हुन भने पाईने छैन ।

आज्ञाले

कमल बहादुर के.सी

प्रमुख प्रशासकीय अधिकृत